## प्रस्तावना

मानव जगतको आर्थिक एवं सामाजिक उन्नति र समग्र विकासमा अपरिहार्य साधानको रुपमा योगदान दिइरहेको प्राकृतिक स्रोत तथा संपदा (जल, जमिन र जंगल) माथिको पहुँच, उपयोग र नियन्त्रणको विषयलाई लिएर परापूर्वकाल देखि नै कुनै न कुनै रुपमा प्रष्फुटन भएका द्वन्द्व मिलाउन धार्मिक, सामाजिक चालचलन र सरकारी तवरबाट विभिन्न प्रयासहरु हुदैं आएका हुन् । राजनीतिक परिवर्तन सँगै नेपाली समाजमा मानिसहरु आफ्नो सहभागीतामा द्वन्द्व रुपान्तरण गरी आत्मिय सम्वन्ध स्थापित गर्दै शान्तिपूर्ण जीवन यापन गर्ने प्रसस्त प्रयत्नहरु भएका छन् ।

वर्तमान सन्दर्भमा प्राकृतिक स्रोत साधनको व्यस्थापन तथा प्राप्त फाईदाको न्यायोचित वितरणमा देखा परेका विभिन्न समस्या तथा चुनौतीहरुको दिर्घकालीन समाधान गरी शान्तिपूर्ण समाजको विकास गर्न विभिन्न सरकारी तथा गैर सरकारी निकायहरु आ-आफ्नो तरिकाले पहल गर्दै आइरहेका छन् ।

नेपाली समुदायमा रहेका प्राकृतिक श्रोतमा आधारित द्वन्द्वहरुको अध्ययन, अनुसन्धान र अभिलेखिकरण गरी सम्वन्ध सुधार सहीतको रचनात्मक समाधान खोजी समाजको शान्तिपूर्ण परिवर्तनमा योगदान पुर्‍याउन प्राकृतिक स्रोत द्वन्द्व रुपान्तरण केन्द्र नेपाल (अग्रेंजीमा ***Natural Resource Conflict Transformation Centre- Nepal***) संस्थाको निर्माण गरी यो विधान संस्था दर्ता ऐन २०३४ को अधिनमा रही तर्जुमा गरिएको छ ।

## परिच्छेद - १

## प्रारम्भिक

### १.नाम तथा प्रारम्भ :

(क) यस विधानको नाम “प्राकृतिक स्रोत द्वन्द्व रुपान्तरण केन्द्र, नेपाल” *को विधान २०७०* रहने छ ।

(ख) संस्थाको नामः यस विधान अन्तरगत स्थापना हुने संस्थाको नाम प्राकृतिक स्रोत द्वन्द्व रुपान्तरण केन्द्र, नेपाल” र अंग्रेजीमा ***Natural Resource Conflict Transformation Centre-Nepal*** भनिने छ । यस संस्थालाई छोटकरीमा एन.आर.सी.टी.सी. नेपाल (***NRCTC-NEPAL***)भनिनेछ ।

(ग) संस्थाको मोटो : यस संस्थाको मुख्य नारा (Motto) ***‘दिगो शान्तिका लागि उन्नत सम्वन्ध’*** तथा अंग्रेजीमा ***‘BetterRelationship for Sustainable Peace’*** रहनेछ ।

(घ) संस्थाको कार्यालय : यस संस्थाको केन्द्रिय कार्यालय हाललाई भक्तपुर जिल्ला कटुञ्जे गा.वि.स. वडा नं ९ मा रहनेछ । पछि जिल्ला प्रशासन कार्यालय भक्तपुरको स्वीकृति लिई काठमाडौं उपत्यका भित्र कार्यालय राख्न सकिनेछ ।

(ङ) प्रारम्भ **:** यो विधान जिल्ला प्रशासन कार्यालयबाट स्विकृत भएको मितिदेखि प्रारम्भ हुनेछ ।

(च) संस्थाको कार्यक्षेत्र : यस संस्थाको कार्यक्षेत्र तत्कालको लागि नेपालका झापा, सुनसरी, धनकुटा, भोजपुर, संखुवासभा, सर्लाही, दोलखा, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, भक्तपुर, ललितपुर, नवलपरासी, बाँके, कैलाली, कञ्चनपुर, बैतडि, डडेल्धुरा, डोटी, अछाम र बाजुरा जिल्लामा हुनेछ । आवश्यक्तानुसार कार्यक्षेत्र थपघट गर्न वा सम्वन्धीत जिल्ला अधिकारीको स्वीकृत लिई कार्यक्षेत्र नेपालभर विस्तार गर्न सकिनेछ ।

(छ) आवद्धता : यो संस्था समाज कल्याण परिषद् र कानूनी मान्यता प्राप्त अन्य निकायहरुसँग आवद्ध हुन सक्नेछ ।

(ज) प्रचलित कानून वमोजिम हुने **:** यो विधानमा भएको व्यवस्था संस्था दर्ता ऐन, २०३४ र प्रचलित नेपालको कानुनको अधिनमा हुनेछ ।

(झ) संस्थाको अस्तित्व : यो सस्था एक अविछिन्न उत्तराधिकारवाला, संगठित, स्वशासित, गैरराजनीतिक, गैर सरकारी एवं मुनाफा रहित संस्था हुनेछ ।

**२.परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विधानमा :

(क) 'संस्था' भन्नाले प्राकृतिक स्रोत द्वन्द्व रुपान्तरण केन्द्र नेपाललाई जनाउनेछ ।

(ख) 'समिति' भन्नाले यस विधान अनुसार गठन हुने कार्य समितिलाई जनाउँछ ।

(ग) 'विधान' भन्नाले प्राकृतिक स्रोत द्वन्द्व रुपान्तरण केन्द्र नेपालको बिधान २०७० लाई जनाउनेछ ।

(घ) 'पदाधिकारी' भन्नाले संस्थाको प्रमुख पदमा रहेका र कार्यसमितिका सदस्यहरु समेत लाई जनाउने छ ।

(ङ) 'साधारण सदस्य' भन्नाले यस संस्थाको विधान अनुसार सदस्यता प्राप्त गरेका सदस्यहरुलाई जनाउँछ ।

(च) 'स्थानीय अधिकारी' भन्नाले प्रमुख जिल्ला अधिकारीलाई जनाउँछ ।

(छ) 'वार्षिक साधारण सभा' भन्नाले संस्थाको वार्षिक रुपमा वस्ने बार्षिक साधारण सभा लाई जनाउँछ ।

(ज) 'नियम, विनियम' भन्नाले यस विधान अन्तरगत वन्ने नियम, विनियमलाई जनाउँछ ।

(झ) 'समझदारी-पत्र' भन्नाले विधानको अधिनमा रहि यस संस्थालाई सुचारु रुपले सञ्चालन गर्नको लागि आन्तरिक रुपमा तयार गरिएको समझदारी-पत्रलाई जनाउनेछ ।

(ञ) 'तोके बमोजिम वा तोकिए बमोजिम' भन्नाले यस विधानले दिएको अधिकार प्रयोग गरि बनाईएको नियमावली वा केन्द्रिय कार्य समितिले तोके बमोजिम हुनेछ ।

(ट) 'ऐन' भन्नाले संस्था दर्ता ऐन २०३४ लाई जनाउनेछ ।

(ठ) 'कोष' भन्नाले संस्थाको कोषलाई सम्झनुपर्नेछ ।

**३.संस्थाको छाप र चिन्ह :**

(क) प्रचलित कानुनी व्यवस्थाको प्रतिकूल नहुने गरी संस्थाको एउटा छुट्टै छाप-चिन्ह हुनेछ । उक्त छापमा गोलाकार बृत भित्र जल, जंगल जमिन र शान्तिको प्रतिक झल्कने आकृति, संस्थाको नाम र स्थापीत मिति रहनेछ । जसको नमुना अनुसूची - १ मा उल्लेख भए बमोजिमको ढाँचामा हुनेछ । तर संस्थाको नाम, छाप र चिन्ह पूर्व दर्ता भएको कुनै संस्थासँग मेल खाएमा संशोधनको प्रक्रियाद्वारा तुरुन्त संशोधन गरिनेछ ।

(ख) संस्थाको आधिकारिक प्रयोजनमा बाहेक संस्थाको छापलाई अन्यत्र प्रयोग गरिने छैन ।

## परिच्छेद - २

## लक्ष्य, उद्देश्य र कार्यप्रणाली

**४. लक्ष्य :** प्राकृतिक श्रोतमा आधारित द्वन्द्वहरुको अध्ययन, अनुसन्धान, अभिलेखिकरण र रुपान्तरणको माध्यमबाट श्रोतको उचित व्यवस्थापन गर्दै समाजमा दिगो शान्ति निर्माण र आम समुदायको जीवन यापन सहज बनाउन टेवा पुर्‍याउने ।

**५. उद्देश्य :** यस संस्थाको उद्देश्यहरु देहाय बमोजिम रहनेछ ।

(क) यो संस्था मुनाफा रहित, जनहितकारी सामाजिक संस्था हुनेछ ।

(ख) नेपाली समुदायमा रहेका प्राकृतिक श्रोतमा आधारित द्वन्द्वहरुको अध्ययन, अनुसन्धान र अभिलेखिकरण गर्ने ।

(ग) दक्ष जनशक्तिको उत्पादन र परिचालन गरी प्राकृतिक श्रोतमा आधारित द्वन्द्वहरुमा सहजिकरण गर्दै रुपान्तरण कार्यमा सहयोग पुर्‍याउने ।

(घ) प्राकृतिक श्रोतहरुको अवस्था र त्यसले आम समुदायको जीवन यापनमा पुर्‍याउन सक्ने योगदानको बारेमा अध्ययन, अनुसन्धान गर्ने ।

(ङ) प्राकृतिक स्रोतको एकिकृत व्यवस्थापन र उद्यम विकासको माधयमबाट रोजगारीका अवसरहरुको सृजना गराई सहज जीवन यापनमा टेवा पुर्‍याउने ।

(च) विश्वव्यापी रुपमा भै रहेको जलबायू परिवर्तनको प्रभावको अध्यन गरी यसले ल्याएका असर न्यूनिकरण गर्न काम गर्ने ।

(छ) काम गर्ने शिलसिलामा प्राप्त अनुभव, अनुसन्धानमूलक र विश्लेषणात्मक प्रतिवेदन एवं लेख रचना प्रकाशन गर्ने ।

६. **संस्थाको उद्देश्य प्राप्त गर्न अवलम्वन गरिने कार्य प्रणाली :** यस संस्थाको उपरोक्त उद्देश्यहरु प्राप्त गर्न देहायको कार्य प्रणाली अवलम्वन गरिनेछ ।

(क) संस्थाले नेपाल सरकारको प्रचलित कानुन बमोजिम सम्वन्धीत निकायवाट अनुमति वा इजाजत प्राप्त गरी आफ्ना उद्देश्यहरु कार्यान्वयन गर्नेछ ।

(ख) प्राकृतिक स्रोतमा आधारित द्वन्द्वको क्षेत्रमा कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय, सरकारी तथा गैरसरकारी निकायहरुका बीचमा आवश्यक सम्पर्क, समन्वय र सहकार्य कायम गरी कार्य गर्नेछ ।

(ग) विभिन्न स्तरमा रहेका स्थानीय देखि राष्ट्रिय तहसम्म भएका सरकारी निकाय, स्थानीय निकाय, परियोजना र गैरसरकारी संघ-संस्थाहरुका बीचमा पारस्परिक समन्वय र सम्पर्क गरी यसबाट प्राप्त हुन सक्ने अवसरहरुको सदुपयोग गर्ने/गराउनेछ ।

(घ) प्राकृतिक स्रोत द्वन्द्व रुपान्तरण र स्रोतव्यवस्थापनको क्षेत्रमा दक्ष जनशक्ति विकास र परिचालनको लागि कार्यक्रम अनुसारका तालिम, गोष्ठी, सेमिनार, अध्ययन भ्रमण, प्रचार प्रसार, बजारमा पहुँच र नीति निर्माणमा प्रभाव आदि कार्य गर्न गराउन आवश्यक कार्य गर्ने । साथै कार्यहरुको प्रभावकारीता र निरन्तरताको लागि अनुगमन तथा मूल्याङ्कन गर्न सहयोग गर्नेछ ।

(ङ) संस्थालाई आवश्यक पर्ने भवन निर्माण गर्ने वा भाडामा वा लिजमा लिने छ र कम्प्यूटर, टेलिफोन, प्रिन्टर, फ्याक्स जस्ता कार्यालय सामान तथा सवारी साधन खरिद गर्नेछ वा भाडामा लिई प्रयोग गर्नेछ ।

(च) संस्थालाई आवश्यक पर्ने कर्मचारी नियुक्त गर्ने तथा तिनको सेवा सर्तहरु निर्धारण गर्नेछ ।

## परिच्छेद - ३

## सदस्यता सम्बन्धी व्यवस्था

**७.सदस्यताको प्रकार :** यस संस्थाको सदस्यता देहाय बमोजिम २ प्रकारमा वर्गिकरण गरिएको छ ।

**(क) साधरण सदस्य :** यस विधानको दफा ८ बमोजिम योग्यता पुगको कुनैपनि नेपाली नागरिकले तोकिएको प्रक्रिया अन्तर्गत रही आवेदन गरेमा संस्थाको सदस्यता प्राप्त गर्ने व्यक्तिहरु साधारण सदस्य हुनेछन् ।

**(ख) संस्थापक सदस्यः** यस संस्था दर्ता हुँदाको बखतका पदाधिकारीहरु संस्थापक सदस्य हुनेछन् । संस्थापक सदस्यहरुले साधारण सदस्यता लिएर विधान बमोजिमको शुल्क बुझाउनुपर्नेछ ।

**८. सदस्यता प्राप्तिको लागि आवश्यक योग्यता :** यस संस्थाको सदस्यताका लागि देहाय बमोजिमको योग्यता पुगेको हुनुपर्नेछ
(क) नेपाली नागरिक भएको ।
(ख) १८ वर्ष उमेर पुरा गरेको ।
(ग) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतवाट दोषी प्रमाणित नभएको,
(घ) मानसिक सन्तुलन नगुमाएको,
(ङ) सार्वजनिक सम्पत्ति हिनामिना गरेको नठहरेको,
(च) कुनै कानूनले अयोग्य नभएको ।
(छ) प्राकृतिक स्रोत द्वन्द्व रुपान्तरणको क्षेत्रमा योगदान पुर्‍याएको वा द्वन्द्व रुपान्तरणको क्षेत्रमा अनुभव प्राप्त ।

**९. संस्थाको सदस्यता प्राप्त गर्न वा बहाल रहन नसक्ने अवस्था:** देहायको अवस्थामा कुनै व्यक्तिले संस्थाको सदस्यता प्राप्त गर्न वा बहाल रहन सक्ने छैन ।
(क) गैह्र नेपाली नागरिक ।
(ख) १८ वर्ष उमेर नपुगेको,
(ग) मगज बिग्रेको वा बौलाएको ।
(घ) सार्वजकि सम्पत्ति हिनामिना गरेको ठहरिएको ।
(ङ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतद्धारा दोषी प्रमाणित भएको ।
(च) कुनै प्रकारको चोरी, ठगी, किर्ते वा जालसाझी गरेको वा आफ्नो जिम्माको धनमाल अनाधिकृत तवरले मासेको वा दुरुपयोग गरेको वा भ्रष्टचार गरेको अभियोगमा अदालतबाट कसुरदार ठहरी सजाय पाएको १ वर्ष ननाघेको ।

**१०.सदस्यताको समाप्ती :**

१०.१. देहायको अवस्थामा कुनै व्यक्ति संस्थाको सदस्यमा बहाल रहने छैन । :
(क) यस विधानको दफा ९ बमोजिमको सदस्यता प्राप्त गर्न नसक्ने भएमा ।

(ख) साधारण सभाको ७५ प्रतिशतको सदस्यहरुको बहुमतले संस्थाको सदस्य पदबाट हटाउने प्रस्ताव पारित गरेमा ।

(ग) सदस्यले आफ्नो पदबाट दिएको राजिनामा स्वीकृत भएमा ।

(घ) संस्थाको काम कारवाहीमा वेइमानी वा बदनियत गरेको कुरा अदालतबाट प्रमाणित भएमा ।

(ङ) यस विधान बमोजिम संस्थाले गर्न नहुने भनि तोकिएको कुनै कार्य गरेमा ।

(च) सदस्यता शुल्क बुझाउन बाँकी भएमा ।

(छ) संस्था विघटन भै खारेज भएमा ।

(ज) मानसिक सन्तुलन गुमाएको प्रमाणित भएमा ।

(झ) सदस्यको मृत्यू भएमा ।

१०.२.कुनै व्यक्तिका सम्वन्धमा संस्थाको सदस्यता प्राप्त गर्न वा बहाल रहन अयोग्य ठहराउनु भन्दा अघि संस्थाले निजलाई सो कुराको सूचना दिई सफाईको सबुद पेश गर्ने मौका दिइनेछ ।

११. **सदस्यता शुल्क र सदस्यता प्रदान गर्ने विधि:** यस विधानको दफा ७ बमोजिम देहाय बमोजिमको शुल्क तिरी सदस्यता प्राप्त गर्न सकिनेछ ।

**११.१. साधारण सदस्यः**

(क) साधारण सदस्य प्राप्त गर्न चाहने व्यक्तिले प्रवेश शुल्क बापत रु.१२५।- र वार्षिक शुल्क बापत रु.१००।- बुझाई तोकिएको प्रक्रिया अनुसार आवेदन पेश गर्नेलाई कार्य समितिको निर्णयले साधारण सदस्यता प्रदान गर्न सक्नेछ ।

(ख) त्यस्ता साधारण सदस्यले प्रत्येक आर्थिक वर्षको श्रावण मसान्त भित्र रु.१००।- बुझाई सदस्यताको नविकरण गराईसक्नुपर्नेछ ।

**११.२.संस्थापक सदस्यः**

(क) यो संस्था दर्ता हुदाको बखतका तदर्थ समितिका पदाधिकारीहरु संस्थापक सदस्य हुनेछन् ।

(ख) संस्थापक सदस्यहरुले विधानमा उल्लेख भए बमोजिमको शुल्क बुझाई साधारण सदस्यता प्राप्त गर्न सक्नेछन् ।

## परिच्छेद - ४

## वार्षिक साधारण सभा, कार्य समिति तथा वैठक सम्बन्धी व्यवस्था

**१२. साधारण सभाको गठनः**

१२.१यस संस्थाको विधानको दफा ८ अनुसार सदस्यता प्राप्त गर्ने सदस्यहरुबाट संस्थाको साधारण सभा गठन हुनेछ । साधारण सभा संस्थाको सर्वोच्च अंग हुनेछ ।

१२.२ यस संस्थाको साधारण सभा, देहाय बमोजिम हुनेछ :

(क) बार्षिक साधारण सभाः वर्षको एक पटक बार्षिक साधारण सभा बस्नेछ ।

(ख) विशेष साधारण सभा : संस्थाको कूल सदस्य संख्याको १/४ (एक चौथाई) सदस्यहरुले कारण जनाई विशेष साधरणसभा माग गरेमा कार्यसमितिले कम्तीमा ७ (सात) दिनभित्र अनिवार्य रुपमा विशेष साधारणसभा बोलाउनु पर्नेछ । तर साधारण सभा वा विशेष सभा बसेको ६ महिना भित्र पुनः विशेष साधारण सभा बस्न भने सक्ने छैन ।

१२.३ यस संस्थाको प्रथम वार्षिक साधारण सभा संस्था स्थापना भएको आ.व. समाप्त भएको मितिले २ महिना भित्रमा गरिनेछ र त्यसपछिको वार्षिक साधारण सभाहरु आर्थिक वर्ष समाप्त भएको मितिले २ महिना भित्र गरिनेछ ।

१२.४ यस संस्थाको बार्षिक साधारण सभा गर्नको लागि कम्तिमा १५ दिन अगावै वा विशेष साधारण सभा गर्नको लागि कम्तिमा ७ दिन अगावै सभा हुने स्थान, मिति, समय र छलफल गर्ने विषय खोली सबै साधारण सदस्यहरुलाई अनिवार्य रुपले सूचना दिइनेछ ।

१२.५ उप-दफा ४ बमोजिम बोलाइएको साधारण सभा वा विशेष साधारण सभामा विधानको दफा १४ बमोजिमको गणपुरक संख्या नपुगी सभा हुन नसकेमा कम्तिमा ७ दिनको म्याद दिई पुनः साधारण सभाको वैठक बोलाईनेछ ।

१२.६ साधारण सभा र विशेष साधारण सभाको छुट्टा छुट्टै निर्णय पुस्तिका राखिने छ ।

**१३. वार्षिक साधारण सभाको काम, कर्तव्य र अधिकार :** साधारण सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) कार्य समितिले पेश गरेको योजना, कार्यक्रमहरु र वार्षिक वजेट पारित गर्ने ।

(ख) लेखा परीक्षकबाट प्राप्त भएको वार्षिक लेखा परिक्षण प्रतिवेदनमाथि छलफल गरी अनुमोदन गर्ने र लेखा परीक्षण प्रतिवेदनबाट देखिएका अनियमित बेरुजु रकमहरु माथि छलफल गरी नियमित गर्न नमिल्ने बेरुजु रकमहरु असुल उपर गरी फछ्र्यौट गर्नको लागि कार्यसमितिलाई निर्देशन दिने ।

(ग) आगामी वर्षको लागि लेखा परीक्षकको नियुक्त गर्ने ।

(घ) संस्थाको वार्षिक कार्य प्रगति विवरण र संस्थाले गरेको कार्यहरुको मूल्यांकन गरी कार्यसमितिलाई आवश्यक निर्देशन दिने ।

(ङ) संस्थाको कार्य समितिका पदाधिकारीरुको पदावधि पुगेको अवस्थामा कार्यसमितिका पदाधिकारीहरुको विधान बमोजिमको प्रक्रिया अन्तर्गत रही निर्वाचन गर्ने ।

(च) कार्य समितिद्धारा पेश भएका विधान संशोधन, नियम तथा विनियम स्वीकृत गर्ने ।

(छ) कार्य समितिबाट संस्थाको हित अनुकुल भएका काम कारवाहीहरुको औचित्य हेरी अनुमोदन गर्ने ।

(ज) संस्थाको आफ्नै आन्तरिक स्रोतबाट व्यहोर्ने गरी कार्य समितिले पेश गरेको कर्मचारीहरुको दरबन्दी, पारिश्रमिक भत्ता तथा अन्य सुविधाहरुमा आवश्यक्तानुसार स्वीकृत प्रदान गर्ने ।

**१४. वार्षिक सभाको गणपुरक संख्या** :

(क) वार्षिक साधारण सभाको निम्ति संस्थाका सदस्यहरु मध्येबाट कम्तिमा ६० प्रतिशत सदस्यहरु भएमा गणपुरक संख्या मानिनेछ ।

(ख) कारणवश गणपुरक संख्या उपस्थित नभएमा साधारण सभा वा अधिवेशन स्थगित हुनेछ र १५ देखि ३० दिनको समय दिई पुनःसाधारण सभाको मिति, स्थान र समय तोकी सबै सदस्यहरुलाई जानकारी गराईनेछ । यसरी वस्ने साधारण सभा वा अधिवेशनमा उपस्थित सदस्यहरु जति भएपनि गणपुरक संख्या मानिनेछ र साधारण सभा सम्पन्न हुनेछ ।

**१५. कार्यसमिति गठन तथा संचालन :**

(क) साधारण सभाका सदस्यहरुबाट निर्वाचित देहाय बमोजिमको पदाधिकारीहरु रहने ७ सदस्यीय एक कार्य समिति गठन गरिनेछ ।

| | | |
|---|---|---|
| अध्यक्ष | - | १ |
| उपाध्यक्ष | - | १ |
| सचिव | - | १ |
| कोषाध्यक्ष | - | १ |
| सदस्य | - | ३ |

(ख) कार्यसमितिको कार्यकाल २ वर्षको हुनेछ ।

(ग) कार्य समितिको वैठकमा अध्यक्षले अध्यक्षता गर्नेछ र निजको अनुपस्थितिमा उपाध्यक्षले र उपाध्यक्षको पनि अनुपस्थिति रहेमा बैठकमा उपस्थित सदस्यहरुले छानेको वा जेष्ठ सदस्यले अध्यक्षता गर्नेछ ।

(ङ) कार्यसमिति सदस्यहरुको पदावधि समाप्त हुनु अघि कुनै पदाधिकारी सदस्यको स्थान रिक्त हुन आएमा पदाधिकारीहरुको हकमा कार्यसमितिका सदस्यहरु मध्येबाट र सदस्यहरुको हकमा साधरण सदस्यहरु मध्येबाट कार्यसमितिले अर्को वार्षिक साधारण सभा सम्मको लागि मनोनित गर्न सक्नेछ ।

(च) कार्यसमितिको बैठक वर्षको कम्तिमा ४ पटक सम्म बस्नेछ ।

(छ) कार्यसमितिको बैठकमा गणपुरक संख्या ६० प्रतिशतलाई मानिनेछ । गणपुरक संख्या नपुगी दोस्रो पटक बोलाईएको बैकठमा ५१ प्रतिशत र तेस्रो पटक जतिसुकै उपस्थित भएता पनि बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(ज) कार्य समितिले कुनै पनि विषयमा निर्णय गर्दा आमसहमतिको प्रक्रिया अवलम्वन गर्नेछ । तर कुनै विषयमा निर्णय गर्दा आमसहमती कायम हुन नसकेमा बहुमतबाट गरिएको निर्णय मान्य हुनेछ ।

(झ) माथिका दफाहरुमा जुनसुकै कुरा लेखिएको भएता पनि कार्य समितिले गर्न पाउने कुनै कार्यको सम्बन्धमा कार्य समितिका सबै पदाधिकारीहरु लिखित रुपमा सहमत भएमा त्यस्तो सहमतिलाई निर्णय पुस्तिकामा संलग्न गरी त्यस्तो काम वैठक विना पनि गर्न सकिनेछ । उपरोक्त बमोजिमको सहमतिलाई कार्य समितिको निर्णय सरह मानिनेछ । त्यसलाई सोही वर्षको साधारण सभा मार्फत अनुमोदन गराउनु पर्नेछ ।

(ञ) लिखित राजिनामा दिएमा वा साधारण सदस्यको रुपमा नरहेमा वा मृत्यु भएमा वा लिखित सूचना नदिई कार्यसमितिको बैठकमा लगातार ३ पटक सम्म अनुस्थित भएमा कार्यसमिति सदस्यको पद स्वतः समाप्त हुनेछ र सोको लिखित जानकारी कार्यसमितिले वार्षिक सभामा दिनु पर्नेछ ।

(ट) कार्यसमितिको वैठकमा छलफल भएको विषयहरुको छुट्टै निर्णय पुस्तिकामा लेखि राखिनेछ र सो निर्णय विवरणमा वैठकमा उपस्थित सम्पूर्ण सदस्यहरुले सही गर्नुपर्नेछ तर निर्णयमा असहमति जनाउनेहरुले कैफियत खोली सही गर्नुपर्नेछ ।

(ठ) संस्थाले गर्ने भनिएको सम्पूर्ण कार्य कार्यसमितिको निर्णयबाट हुनेछ ।

(ड) माथिका दफाहरुमा जुनसुकै कुरा लेखिएको भएतापनि कार्य समितिले गर्न पाउने कुनै कार्यको सम्वन्धमा कार्य समितिका सवै पदाधिकारीहरु लिखित रुपमा सहमत भएमा त्यस्तो सहमतिलाई निर्णय पुस्तिकामा संलग्न गरी त्यस्तो काम वैठक विना पनि गर्न सकिनेछ । उपरोक्त बमोजिमको सहमतिलाई कार्य समितिको वैठकको निर्णय सरह मानिनेछ ।

**१६. कार्य समितिको काम, कर्तव्य र अधिकार :-** कार्य समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) संस्थाको आगामी वर्षको वार्षिक कार्यक्रम तथा अनुमानित वजेट बनाई साधारण सभामा प्रस्तुत गर्ने ।

(ख) विधान बमोजिमको व्यवस्था पालना गरी साधारण सभाको निर्णय कार्यान्वयन गर्ने गराउने ।

(ग) संस्थाको हितमा हुने कार्यक्रमहरु संचालन गर्ने ।

(घ) साधारण सभाप्रति उत्तरदायी रहने ।

(ङ) संस्थाको उद्देश्य प्राप्तिका लागि उपलव्ध साधन र स्रोतको अधिकतम् उपभोग र प्रयोग गर्ने ।

(च) संस्थाको कार्य सम्पादन गर्न कार्ययोजना बनाउने, स्रोतजुटाउने, कार्यान्वयन, सुपरिवेक्षण र अनुगमन गर्ने ।

(ज) संस्थाको कोष र सम्पत्ति सुरक्षित तरिकाले राख्न लगाउने र बैंक खाता खोली संचालन गर्ने ।

(झ) संस्थाको कर्मचारीहरुको सेवा, सर्त र सुविधा आदि सम्वन्धी कर्मचारी नियमावली बनाई साधारण सभाबाट स्वीकृत गराई लागु गर्ने गराउने ।

(ञ) संस्थाको उद्देश्य परिपूर्तिको लागि आफ्नो कार्य अवधिमा उपयुक्त व्यक्तिहरुको सल्लाहकार समिति, अन्य समिति, उपसमिति गठन गर्ने र आवश्यक्तानुसार कार्यको बाँडफाँड गरिदिने ।

(ट) संस्थाको नेतृत्वदायी भूमिका निर्वाह गर्ने ।

**१७. पद त्याग गर्न सक्ने:** अध्यक्षले उपाध्यक्ष मार्फत कार्यसमिति समक्ष र उपाध्यक्ष तथा अन्य पदाधिकारीहरुले अध्यक्ष समक्ष राजीनामा दिई पद त्याग गर्न सक्नेछन् । राजीनामा स्वीकृत वा अस्वीकृत गर्ने अधिकार कार्य समितिलाई हुनेछ ।

**१८. अन्य समितिहरु :**

**(क)** सल्लाहकार समिति : संस्थाको कार्यमा अपेक्षित सल्लाह सुझाव तथा सहयोग पुऱ्याउन ३ (तिन) देखि ५ (पाँच) सदस्यीय एक सल्लाहाकार समिति गठन गर्न सकिने छ । यस समितिमा पूर्व समितिका अध्यक्षहरु र संस्थाको उद्देश्य बमोजिमका क्षेत्रमा काम गरेका अनुभवी तथा प्रतिष्ठित व्यक्तिहरु रहन सक्नेछन् ।

(ख) कार्य समितिले चाहेको बेला सल्लाहाकार समितिबाट आवश्यक सल्लाह सुझाब लिन सक्नेछ ।

(ग) यस विधानको परिधि भित्र रहेर संस्थाको कार्य सञ्चालनको लागि कार्य समितिले आवश्यक्तानुसार अन्य समिति वा उपसमितिहरु गठन गर्न सक्नेछ ।

(घ) उपसमितिहरुको काम, कर्तव्य र अधिकार कार्य समितिले तोकिदिए बमोजिम हुनेछ ।

## परिच्छेद - ५

## पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार

**१९. पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार :** कार्य समितिको पदाधिकारहरुको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

### १९.१ अध्यक्षको काम, कर्तब्य र अधिकार

(क) कार्यसमितिको वैठक तथा बार्षिक साधारण सभाको अध्यक्षता गर्ने र वैठक संचालन गर्ने ।

(ख) संस्थाको कार्य सञ्चालन सम्बन्धी प्रमुख उत्तरदायित्व वहन गर्ने ।

(ग) संस्थाको विधानमा उल्लेखित उद्देश्य हासिल गर्न आवश्यक कामको नेतृत्व गर्ने ।

(घ) साधारणसभा वा कार्यसमितिबाट स्थापना भएका विभिन्न समिति तथा उपसमितिहरुसँग समन्वय गर्ने ।

(ङ) संस्था संचालनमा रेखदेख गर्ने, अनुगमन तथा मुल्याङ्कन गरी आवश्यक सुझाव दिने ।

(च) संस्थाको दिगोपनाको लागि दीर्घकालिन सोच र आवश्यक रणनीतिको प्रस्ताव गरी कार्य समितिमा अनुमोदन गराई स्वीकृतिको लागि साधारण सभामा पेश गर्ने र स्वकृति भएपछि त्यसको कार्यान्वयन गर्ने गराउने ।

(छ) संस्थामा भए गरेका कामको सुपरिवेक्षण र मूल्यांकन गर्ने ।

(ज) आफ्नो अनुपस्थितीमा उपाध्यक्ष र सचिवसँग परामर्श गरी संस्थाका कामलाई निरन्तरता दिनको लागि कार्यसमितिका उपाध्यक्ष वा कुनै सदस्यलाई आफ्नो अधिकार प्रत्यायोजन गर्ने ।

### १९.२ उपाध्यक्षको काम, कर्तव्य र अधिकार :

(क) अध्यक्षको अनुपस्थितमा अध्यक्षले गर्ने सम्पूर्ण कार्य गर्ने ।

(ख) संस्थाको हितको लागि कुनै व्यक्ति, संस्था, निकाय वा सरकारसंग सर्म्पक, समन्वय गर्ने ।

(ग) कार्यसमिति वा वार्षिक सभाले तोकेको काम गर्ने र गराउन उत्प्रेरणा जगाउने ।

(ग) कार्यसमितिले तोकेको थपकाम र संस्थाको कार्य प्रगतिको लेखाजोखा गरी कार्यसमितिलाई अवगत गराउने ।

### १९.३ सचिवको काम, कर्तव्य र अधिकार :

(क) अध्यक्षको परामर्श अनुसार कार्यसमिति तथा वार्षिकसभाको बैठक बोलाउने र बैठकको निर्णय पुस्तिका राख्ने ।

(ख) कार्यसमिति, वार्षिक साधारण सभा र अधिवेशनमा आवश्यकता अनुसार प्रतिवेदन र कार्यक्रम पेश गर्ने ।

(ग) कार्य समितिबाट पारित निर्णयहरुको अभिलेख राख्ने, राख्न लगाउने र सो कार्यन्वयन गर्ने ।

(घ) संस्थाको दैनिक कार्य संचालनको जिम्मेवारी लिने र कर्मचारी प्रशासनको रेखदेख र संचालनमा सहयोग गर्ने

(ङ) संस्थाको वार्षिक प्रगति प्रतिवेदन र भावी कार्यक्रम तयार गरी कार्यसमितिमा पेश गर्ने ।

(च) आफ्नो अनुपस्थितीमा अध्यक्षसँग परामर्श गरी कार्यसमितिका कुनै सदस्यलाई आफ्नो अधिकार प्रत्यायोजन गर्ने ।

(छ) कार्यसमिति वा वार्षिक सभाले तोकेको अन्य काम गर्ने ।

**१९.४ कोषाध्यक्षको काम, कर्तव्य र अधिकार**

(क) संस्थाको हिसाब किताबको जिम्मेवारी लिने ।

(ख) आर्थिक प्रशासन सम्बन्धी जिम्मेवारी लिने ।

(ग) कार्यसमिति तथा वार्षिक सभा र महाधिवेशनमा संस्थाको वार्षिक आयव्यय विवरण, लेखापरीक्षण प्रतिवेदन र आगामी बर्षको बजेट पेश गर्ने ।

(घ) संस्थाको कोष अभिवृद्धि हुने खालका अन्य कार्य गर्ने ।

(ङ) वैंक खाता संचालन गर्ने ।

(च) कार्यसमिति वा वार्षिक सभाले तोकेको अन्य कार्य गर्ने ।

(छ) प्रत्येक नियमित वैठकमा आर्थिक प्रतिवेदन पेश गर्ने ।

(ज) संस्थाको आर्थिक व्यवस्थापनको वस्तुस्थितिको नियमित अनुगमन मूल्यांकन गर्ने र त्यसको प्रतिवेदन कार्यसमितिमा पेश गर्ने ।

(झ) आफ्नो अनुपस्थितीमा अध्यक्ष र सचिवसँग परामर्श गरी कार्यसमितिका कुनै सदस्यलाई आफ्नो अधिकार प्रत्यायोजन गर्ने ।

**१९.५ सदस्यको काम, कर्तब्य र अधिकार**

(क) कार्यसमितिको वैठकमा सहभागी हुने र छलफलमा भाग लिने ।

(ख) कार्यसमितिको वैठकबाट प्राप्त निर्णय, निर्देशन र जिम्मेवारी पुरा गर्ने ।

(ग) वैठकबाट तोकिएको जिम्मेवारी लिने र पुरा गर्ने ।

(घ) संस्थाको उद्देश्य प्राप्तीको लागि सक्रिय रहने ।

(ङ) कार्यसमिति वा वार्षिक सभा वा अधिवेशनले तोकेको अन्य कार्य गर्ने ।

(च) संस्थाको कार्य सञ्चालनमा उत्तरदायित्व बहन गर्ने ।

**१९.६ साधारण सदस्य** : सबै प्रकारका सदस्यहरुले यस संस्थाको स्थापित मूल्य-मान्यता र सिद्धान्तहरुको अधिनमा रही निम्न कार्य गर्नु पर्नेछ :

(क) संस्थाको अधिवेशनमा उपस्थित भै सक्रिय सहभागिता जनाउने ।

(ख) संस्थाको उद्देश्य पूरा गर्न सहयोग पुऱ्याउन सक्ने सक्षम नेतृत्व चयन गर्ने ।

(ग) संस्थाले आयोजना गर्ने कार्यक्रमहरुमा सक्रिय सहभागी हुने ।

(घ संस्थाको प्रचार प्रसार गर्ने ।

(ङ) कुनै पनि संघ संस्थासँग व्यक्तिगत सम्पर्क समन्वय गरी कार्य सञ्चालनमा सहयोग पुऱ्याउने

## परिच्छेद - ६
## आर्थिक स्रोतसम्वन्धी व्यवस्था

**२०. संस्थाको कोषः** संस्थाको सम्पूर्ण चल अचल सम्पत्ति रहेका आफ्नै एउटा छुट्टै कोष रहने छ र सो कोषमा निम्नानुसारको आम्दानी दाखिला हुनेछः

(क) सदस्यहरुको प्रवेश शुल्क, वार्षिक सदस्यता शुल्क तथा नविकरण शुल्कबाट प्राप्त हुने रकम ।

(ख) नेपाल सरकार तथा कुनै राष्ट्रिय, अन्तराष्ट्रिय दातृ संस्था एवं अन्य निकाय आदिबाट प्राप्त हुने, आर्थिक सहयोग, उपहार वा अन्य सहायताबाट प्राप्त हुन आउने रकम ।

(ग) संस्थाको चल अचल सम्पत्ती वा अन्य वस्तुको बिक्रीबाट प्राप्त रकम ।

(घ) कसैले स्वेच्छाले दिएको अनुदान, सहायता, चन्दा, पुरस्कार, दानदातव्य, आदि वापत प्राप्त रकम ।

(ङ) संस्थाले लिएको ऋण वापतको रकम ।

(च) संस्थाको ज्ञान दक्षताको प्रयोगवापत प्राप्त हुने रकम ।

(छ) संस्थाका प्रकाशनहरु, सूचना, श्रोतकेन्द्र र अन्य रचनात्मक सामग्रीहरुको विक्रिवितरण र प्रयोगवाट प्राप्त रकम ।

(ज) संस्थाका नाममा प्राप्त हुन आएका अन्य रकमहरु ।

**२१. कोष संचालनः**

(क) दफा २० बमोजिम प्राप्त रकम समितिले तोकेको बैंकमा खाता खोली जम्मा गरिने छ र बैंक खाताहरूको संचालन अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये कुनै २ जनाको संयुक्त दस्तखतबाट संचालन गरिनेछ ।

(ख) विदेशी संघ संस्था वा व्यक्तिबाट आर्थिक सहयोग तथा अनुदान लिने भए नेपाल सरकारको सम्वन्धित निकायहरुवाट स्वीकृती लिइनेछ । त्यस्तो कामको लागि छुट्टाछुट्टै बैंक खाता खोल्न सकिनेछ । कार्यसमितिले उक्त खाता संचालन गर्ने अख्तियारी व्यवस्थापनलाई समेत प्रत्यायोजन गर्न सक्नेछ ।

(ग) दफा २० बमोजिम संस्थालाई रकम नगदै प्राप्त हुन आएमा प्राप्त भएको मितिले ७ दिनभित्र बैंक दाखिला गरिनुपर्नेछ

(घ) संस्थाको हिसाब-किताब लेखाको प्रचलित मान्यता अनुसार दोहोरो श्रेस्ता प्रणालीको आधारमा राखिनेछ ।

(ङ) संस्थाको आर्थिक व्यवस्थापन संचालन यसै विधान अन्तर्गत बन्ने आर्थिक तथा प्रशासनिक नियामावली एवं नीति तथा पद्धति बमोजिम हुनेछ ।

(च) कोषाध्यक्ष संस्थाको कोष व्यवस्थापनको लागि जिम्मेवार हुनेछ र अन्तिम जवाफदेहीता कार्यसमिति मार्फत अध्यक्षतामा रहनेछ ।

(छ) कार्य समितिले आय-व्यय, चल-अचल सम्पत्तिको विवरण रितपूर्वकको ढाँचामा खुलस्त राख्नुपर्दछ ।

(ज) संस्थाले हरेक वर्षको श्रावण १ गतेदेखि आषाढ मसान्त सम्मलाई आर्थिक वर्ष मान्नेछ ।

(झ) संस्थाको लेखाको प्रतिवेदन र लेखापरिक्षण प्रतिवेदन संस्थाका सदस्यहरु, साझेदार संघ संस्थाहरु, सरकारी निकाय, समाज कल्याण परिषद् तथा सर्वसाधारणको जानकारीको लागि संचार माध्यमलाई आवश्यक्ता अनुसार उपलव्ध गराउन सकिनेछ ।

(ञ) संस्थाले पारदर्शिताको नीति र पद्धति विकास गरी कार्यान्वयनमा ल्याउनेछ ।

(ट) विदेशी संघ संस्था वा व्यक्तिबाट आर्थिक सहयोग तथा अनुदान लिएको भए संस्थाले समाज कल्याण परिषद ऐन २०४९ को दफा १६ बमोजिम पूर्व स्वीकृती लिनुपर्नेछ ।

२२. **कोषको रकम खर्च गर्ने तरिका :** संस्थाको कोषमा जम्मा भएको रकम खर्च गर्दा देहाय बमोजिम तरिका अपनाई खर्च गरीने छ :

क) संस्थाको वार्षिक बजेट योजना र कार्यक्रम स्वीकृत नगरी कोषबाट खर्च गर्न सकिने छैन ।

ख) साधारण सभाबाट पारीत बजेट र कार्यक्रमको अधिनमा रही कोषबाट रकम खर्च गर्न सकिनेछ ।

ग) कोषबाट खर्च भएको रकमको आर्थिक प्रतिवेदन साधारण सभामा अनिवार्य रुपले पेश गर्नु पर्नेछ ।

घ) कोषको रकम खर्च गर्दा तोकिए बमोजिम खर्च गर्नुपर्ने छ ।

२३. सानो नगदी कोषको स्थापना तथा संचालन : वार्षिक साधारण सभाको निर्णयानुसार अध्यक्षको स्वीकृतीमा खर्च गर्ने गरी कोषाध्यक्षको जिम्मामा संस्थाका दैनिक कामकाज संचालनार्थ बढिमा मासिक रु. १०,०००। (दशहजार) सम्मको सानो नगदी कोष रहनेछ ।

**२४.संस्थाको लेखा र लेखा परीक्षण**

(क) संस्थाको आय व्ययको लेखा प्रचलित कानुन बमोजिम स्पष्ट तवरले राखिनेछ ।

(ख) संस्थाको लेखा परीक्षण प्रचलित कानुन बमोजिम रजिष्टर्ड लेखा परीक्षकबाट हुनेछ ।

(ग) नेपाल सरकार वा स्थानीय अधिकारीले चाहेमा जुनसुकै बखतमा पनि आफै वा मातहतका कर्मचारीहरु खटाई संस्थाको हिसाव किताव जाँच गर्न गराउन सक्नेछ ।

(घ) लेखा परिक्षकको नियूक्ति साधारण सभाबाट हुनेछ । तर प्रथम बार्षिक साधारण सभा नभए सम्म लेखा परिक्षकको नियूक्ति कार्य समितिबाट हुनेछ ।

(ङ) संस्थाको लेखा परिक्षण प्रतिवेदन र बार्षिक कार्य प्रगति विवरण एक एक प्रति स्थानीय अधिकारी, जि.वि.स., समाज कल्याण परिषद र सम्वन्धीत निकायमा पेश गरिनेछ ।

## परिच्छेद - ७

## निर्वाचन, अविश्वासको प्रस्ताव र विधान संशोधन सम्बन्धी व्यवस्था

**२५. निर्वाचन सम्बन्धी व्यवस्था :**

(क) कार्य समितिको निर्वाचन प्रयोजनको लागि बढीमा ३ जनाको एक निर्वाचन समिति कार्य समितिको सहमतिद्वारा गठन गरिने छ ।

(ख) निर्वाचन समितिले प्रचलित कानुनको परिधी भित्र रहेर निर्वाचन कार्यविधी आफैं व्यवस्थित गर्ने छ ।

(ग) निर्वाचन गर्नु गराउनु भन्दा कम्तिमा पनि ३० (तिस) दिन अगाडी सबै सदस्यहरुलाई निर्वाचन सम्वन्धी सूचना र जानकारी दिनुपर्नेछ ।

(घ) निर्वाचन हुने साधारण सभामा प्रत्येक साधारण सदस्यहरुले एक व्यक्ति एक मतको आधारमा गोप्य रुपमा मत प्रदान गर्ने अधिकार हुनेछ ।

(ङ) निर्वाचन सम्बन्धी विवाद उत्पन्न भएमा विवादको टुङ्गो निर्वाचन समितिले गरेको निर्णय नै अन्तिम हुने छ ।

(च) निर्वाचन सम्पन्न भएको भोलि पल्ट निर्वाचन समितिको स्वतः विघटन हुनेछ ।

**२६. अविश्वासको प्रस्ताव**

(क) संस्थाको कार्यसमितिले गरेका गतिविधि माथि अविश्वास रहेको भनी संस्थाका एकतिहाई सदस्यहरुले लिखित रुपमा अविश्वासको प्रस्ताव दर्ता गराउन सक्नेछन् ।

(ख) प्रस्तावमा शिष्ट भाषाको प्रयोग गरी व्यक्तिगत आक्षेप नलगाई खास मुद्दालाई स्पष्टसँग लेखिएको हुनु पर्नेछ ।

(ग) खण्ड (क) बमोजिम संस्थामा दर्ता भएको अविश्वासको प्रस्तावको स्पष्ट विषय खुलाई साधारण सभा वा विशेष साधारण सभा बस्ने स्थान, मिति, समय समेत तोकी संस्थाको साधारण सभाका सम्पूर्ण सदस्यहरुलाई जानकारी गराईने छ

(घ) साधारण सभामा अध्यक्षता गर्ने व्यक्तिले साधारण सभामा खण्ड (क) बमोजिम प्रस्ताव पेस गर्न अनुमति दिनेछ र प्रस्ताव पेस गर्ने सदस्यहरु मध्ये एक जनाले अविश्वासको प्रस्ताव ल्याउनु पर्ने कारण सहितको आफ्नो अभिमत सभा समक्ष प्रस्तुत गर्नेछ ।

(ङ) खण्ड (क) बमोजिम अविश्वासको प्रस्ताव पक्षका सदस्यले आफ्नो अभिमत प्रस्तुत गरेपछि सो प्रस्ताव उपर मत प्रकट गर्न चाहने बढिमा अन्य तीन जना सदस्यहरुलाई अध्यक्षले अभिमत प्रकट गर्न अनुमति दिनेछ ।

(च) खण्ड (क) बमोजिम अविश्वासको प्रस्ताव जुन पदाधिकारीहरु विरुद्ध प्रस्तुत गरिएको हो अध्यक्षता गर्ने व्यक्तिले ती पदाधिकारीहरुलाई आफ्नो सफाई पेस गर्ने मौकाको लागि आफ्नो भनाइहरु राख्न अनुमति दिइने छ ।

(छ) अविश्वासको प्रस्ताव उपर आफ्नो भनाइ प्रस्तुत गर्ने क्रम समाप्त भए पछि अध्यक्षता गर्ने व्यक्तिले सो अविश्वासको प्रस्तावको बहुमत पक्ष वा विपक्षमा छ भन्ने निर्णयको लागि देहाय बमोजिमको कुनै एक तरिका अपनाई अविश्वासको प्रस्तावको निर्णयको घोषणा गर्ने छन् ।

(१) अविश्वासको प्रस्तावको पक्षमा मत प्रकट गर्ने एक समूहमा र विपक्षमा मत प्रकट गर्ने अर्को समूहमा छुट्याएर, वा

(२) साधारण सभाका सदस्यहरुलाई अविश्वासको प्रस्तावको पक्ष र विपक्षमा गोप्य मतदान गराएर ।

(ज) साधारण सभाको कूल सदस्य संख्याको दुई तिहाई बहुमतले अविश्वासको प्रस्ताव पारित हुनेछ । त्यस्तो प्रस्ताव पारित भएमा प्रस्तावित पक्षका व्यक्तिहरु पदमुक्त हुने छन् ।

(झ) निर्वाचित भएको छ महिना नपुगी वा प्रस्ताव विफल भएको ६ महिना नपुगी त्यस्तो व्यक्ति उपर पुनः अविश्वासको प्रस्ताव ल्याउन पाइने छैन ।

## परिच्छेद - ८

## विविध

**२७. विधान संशोधन**

प्रचालित कानून र नेपाल सरकारको नीति निर्देशनको अधिनमा रही यो विधान संशोधन गर्न आवश्यक भएमा महाधिवेशनको दुई तिहाइ बहुमतले पारित गरी आवश्यकता अनुरुप संशोधन गर्न सकिनेछ । तर त्यस्तो संसोधित प्रावधान स्थानिय अधिकारीवाट स्विकृत गराउनु पर्नेछ ।

**२८. नियम बनाउने**

कार्यसमितिले संस्था दर्ता ऐन २०३४ र सो ऐन अन्तर्गतको नियम र यस संस्थाको विधानको अधिनमा रही संस्थाको आन्तरिक कार्यविधि व्यवस्थित गर्न आवश्यक मूल्यमान्यता सहितको समझदारी पत्र, नियम, विनियम बनाई लागु गर्न सक्नेछ । यसरी तयार गरिने समझदारी पत्र, नियम, विनियम अधिवेशनबाट अनुमोदन गराउनुपर्नेछ ।

**२९.कर्मचारीको व्यवस्था :**

(क) संस्थाको दैनिक कार्य सञ्चालन र योजना तथा कार्यक्रम संचालनको लागि कर्मचारी दरबन्दी सिर्जना, पारिश्रमिक, भत्ता तथा अन्य सुविधा र कर्मचारीको सेवा शर्तहरु अपनाउनु पर्ने कार्यविधी तोकिए बमोजिम हुनेछ ।

(ख) संस्थाले विदेशी सहयोग प्राप्त गरी विदेशी सल्लाहकार वा स्वयंसेवक राख्ने अवस्था भएमा निजले काम गर्ने अवधि, पुर्‍याउने सेवा, कामको औचित्य, सुविधा र तिनको योग्यता समेतको विवरण स्थानीय अधिकारी, जिल्ला विकास समिति र समाज कल्याण परिषद्मा समेत जानकारी गराइने छ ।

**३०.संस्थाको विघटन :**

संस्थाको विधान बमोजिम कार्य संचालन गर्न नसकी वा अन्य कुनै कारणले संस्था विघटन भएमा संस्थाको सम्पूर्ण जायजेथा नेपाल सरकारको हुनेछ ।

**३१.बरबुझारथः**

पदाधिकारी र कर्मचारीले आफ्नो जिम्मामा रहेको नगद, जिन्सी तथा कागजातहरु आफूले अवकाश लिएको वढिमा ३५ दिनभित्र सम्वन्धित पदाधिकारीहरुलाई बुझाइ दोहोरो कागजात गर्नुपर्नेछ ।

**३२. निष्क्रियता तथा कानून वमोजिम हुने :**

यस विधानमा लेखिएका कुरा प्रचलित कानुन सँग वाझिएमा वाझिएको हदसम्म स्वतः निस्कृय हुनेछ । यस संस्था दर्ता हुनु अगाडी गरिएका कार्यहरु पनि यस विधान अनुसार नै गरिएको मान्य हुनेछ । यस विधानमा लेखिएका कार्यहरु यस संस्थाले प्रचलित कानूनको मनसाय विपरित नहुने गरि नेपाल सरकारको नीति निर्देशनको परिधि भित्र रहेर गर्नेछ ।

**३३.व्याख्याः**

यो विधान र विधान अन्तर्गत बनेको नियम विनियमको व्याख्या गर्ने अधिकार कार्य समितिलाई हुनेछ ।

**३४.गोप्यता भंग गर्न नहुने :**

यस संस्थाका कुनैपनि पदाधिकारी वा सदस्यले संस्थाको गोपनियता भंग हुने र अहित हुने कार्य गर्नु हुदैन । कार्य समितिका पदाधिकारी वा साधारण सभाका सदस्यहरुले बैठक वा साधारण सभामा असभ्य र अश्लिल शब्दको प्रयोग गर्न पाईने छैन ।

**३५. निर्देशनको पालनाः**

कानून कार्यान्वयनको सिलसिलामा स्थानिय अधिकारीले समय समयमा दिएको निर्देशनको पालना गर्नु संस्थाको कर्तव्य हुनेछ ।

**३६.सपथ ग्रहण :**

नव निर्वाचित कार्यसमितिको लागि सपथ ग्रहण निर्वाचन समितिको संयोजकवाट गरिनेछ तर मनोनित सदस्यहरुको हकमा भने कार्यसमितिको अध्यक्षवाट गरिनेछ । सपथ ग्रहण विधानको अनुसूची- २ मा उल्लेख गरे अनुसारको हुनेछ ।

**३७.सुशासन**

संस्था लोकतान्त्रिक मूल्य, मान्यता, सामाजिक न्याय, मानवअधिकार तथा सुशासनका आधारभूत सिद्धान्तलाई व्यवहारमा कार्यान्वयन गर्न प्रतिवद्ध रहनेछ । यहि सिद्धान्त संस्थाको समग्र गतिविधिमा लागु गरिनेछ ।

**३८. तदर्थ समिति :**

(क) यो संस्था स्थापना गरी दर्ता गराउँनका लागि गठित तदर्थ समितिले ६ महिना भित्र साधारण सभा बोलाई विधान अनुसारको निर्वाचन समितिको गठन गरी नयाँ कार्यसमितिको निर्वाचन गराउनेछ र सोको जानकारी स्थानीय अधिकारीलाई दिइनेछ ।

(ख) प्रथम पटक निर्वाचन सम्पन्न नभए सम्मको अवस्थामा कार्यसमितिले गरेको काम कारवाहीहरु यसै विधान सरह भएको मानिनेछ ।

३९. हामी तपशिलका निम्न संस्थापकहरु यस विधान बमोजिम कार्य गर्न मञ्जुर भई निम्न साक्षीको रोहवरमा विधानमा सहिछाप गर्दछौं ।

| **संस्थापकको नाम, थर, ठेगाना र सहीछाप** | | | | | | **साक्षीको नाम, थर, ठेगाना र सहीछाप** | | |
|---|---|---|---|---|---|---|---|---|
| **क.स.** | **नाम/थर** | **स्थायी ठेगाना** | **अस्थायी ठेगाना** | **पद** | **दस्तखत** | **नाम/थर** | **ठेगाना** | **दस्तखत** |
| १ | चुपबहादुर थापा | थुम्पाखर ८, सिन्धुपाल्चोक | कटुञ्जे ५ भक्तपुर | अध्यक्ष | | मुक्तिराम सुवेदी | धिताल १, काँस्की | |
| २ | हिमबहादुर डि.सी. | फुलवारी ९, दाङ्ग | कटुञ्जे ५ भक्तपुर | उपाध्यक्ष | | मीना सुयल | आगीनचोक ९, धादिङ | |
| ३ | बल्लु चौधरी | दोदोधारा ७, कैलाली | कटुञ्जे ५ भक्तपुर | सचिव | | दिपु चौधरी | टिकापुर नगरपालिका ५, कैलाली | |
| ४ | निरुमाँया थिङ्ग | नगरकोट ३, भक्तपुर | भक्तपुर उमनपा १०, व्यासी | कोषाध्यक्ष | | नेत्र प्रसाद खनाल | बलिया ८, कैलाली | |
| ५ | अर्जुन कार्की | भीमदत्त नगरपालिका ९, कञ्चनपुर | कटुञ्जे ५ भक्तपुर | सदस्य | | धर्मानन्द पन्त | भीमदत्त नगरपालिका १०, कञ्चनपुर | |
| ६ | नारायण बहादुर खपाङ्गी | घुर्कौली ३, सर्लाही | भक्तपुर उमनपा १०, व्यासी | सदस्य | | मीना कुमारी श्रेष्ठ | मंगलटार ५, काभ्रेपलाञ्चोक | |
| ७ | पार्वति कुमारी कामी | कर्मैया ९, सर्लाही | भक्तपुर उमनपा १०, व्यासी | सदस्य | | रमिला कुमारी हुमागाई | धुलिखेल नगरपालिका १, काभ्रे | |

## अनुसूची-१: संस्थाको छाप-

**(विधानको दफा ३ सँग संबन्धित)**

यस संस्थाको तपशिल अनुसारको छाप (नेपाली र अंग्रजीमा) हुनेछ । जसको २.५ से.मी. डायमिटरको घेरा भित्र प्राकृतिक स्रोत द्वन्द्व रुपान्तरण केन्द्र, नेपाल लेखिएको हुनेछ र बिचमा जल, जंगल र जमिन माथि दुई वटा परेवा उडेको चित्र अंकित रही यसको ठीक तल स्थापना मिती लेखिएको हुनेछ ।

## संस्थाको छापको नमूना

## अनुसूची -२ : सपथ ग्रहणको नमूना
**(विधानको दफा ३६ सँग संबन्धित)**

म...............................एन.आर.सी.टी.सी.नेपाल को कार्य समितिको ....... पदमा लोकतान्त्रिक पद्धति, सुशासन र सामाजिक न्यायमा विश्वास गर्दै राज्यका प्राकृतिक स्रोत-साधनमा आधारित द्वन्द्व रुपान्तरण गरी दिगो शान्ति निर्माण अभियानमा क्रियाशिल भै संस्थाको लक्ष्य तथा उद्देश्य हासिल गर्न विधान अनुसार समतामूलक समृद्ध शान्तिपूर्ण समाज निर्माणार्थ नीतिगत व्यवस्थामा मेरो ज्ञान, सीप र क्षमताले भ्याए सम्म योगदान पुऱ्याउन तथा सोको कार्यान्वियन गर्न संस्थाको मूल्य-मान्यताप्रति सदा निष्ठावान् भई आफ्नो जिम्मेवारी पुरागर्न लगनशील रहनेछु । म संस्थाको अहित हुने कुनै पनि काम गर्ने/गराउने छैन ।